# बोलपत्र खरीद TOR विवरण

ToR for the procurement of Personal Protective Equipment (PPE) and COVID19 Response Medical Equipment's

| | |
|---|---|
| परियोजनाको नाम | **Enhance Education & Better Livelihood Option(EBLOP)** |
| खरिद सामाग्री आवश्यक स्थान | बडीमालिका न.पा बाजुरा |
| बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति | २०७८ जेष्ठ २६ तद्नुसार ९ जुन २०२१ साझ ५ बजेभित्र |

**१ संस्थाको परिचय :** मानव संशधन केन्द्र बाजुरा वि.स. २०५९ पौष २३ गते जिल्ला प्रशासन कार्यालय बाजुरामा दर्ता भएको गैरसरकारी संस्था हो । यस संस्थाले हाल सुदुरपश्चिम प्रदेशका ३ जिल्लाहरुमा विपन्न र पछाडी पारिएका समुदायको आधारभुत सेवाहरु र अधिकार जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, विपद व्यवस्थापन, र खाद्य सुरक्षा, विविकोपार्जन आदि क्षेत्रहरुमा कार्य गदै आईरहेको छ। साथै स्थानिय र राष्ट्रिय विकासका प्रक्रिया वारेमा बाजुरा लगायत सुदुरपश्चिमका आवजहरुलाई मुल प्रवाहिकरणमा वकालत गर्दै आईरहेको छ ।

२. खरीदको मुख्य उदेश्य : बाजुरा जिल्ला लगायत **Enhance Education & Better Livelihood Option(EBLOP)** परियोजना कार्यान्वयन क्षेत्रमा कोभिड-१९ प्रभावित समुदायकालागि स्वास्थ्य तथा सरसफाईसँग सम्बन्धित सामाग्री सहयोग गर्नु रहेको छ ।

३..बोलपत्रका कागवातहरु यस दर भाउ पत्र आव्हानमा कार्यक्रमको क्षेत्र, बोलपत्रको प्रक्रिया, र सम्झौताका सर्तहरुका बारेमा उल्लेख गरिएको छ। यस आव्हानमा, निम्नानुसारका

४.बोलपत्रको भाषा बोलपत्र आवेदकले वा खरिदकर्ताले तयार पारेको वा पार्ने बोलपत्र, सम्बन्धीत कागजात तथा अन्य निर्णय सम्बन्धीका कागजात वा सुचनाहरु अंग्रेजी वा नेपाली वा अंग्रेजी नेपाली दुईटै भाषामा लेख्न वा तयार पार्न सकिने छ ।

५.बोलपत्रमा समाबेश गरिनुपर्ने कागजातहरु बोलपत्र आवेदकले तयार गर्ने वा पेश गर्ने बोलपत्रले तपशिल बमोजिमको कागजात पेश गरेको हुनु पर्नेछ । बोलपत्र फारम र अन्य समय तालिका अनिवार्य रुपले दिईएको नमुना Format_अनुसार हुनु पर्नेछ। साथै, अन्य तथ्याङ्कहरु प्राविधिक विशिष्टिकरण विवरण अनुसुचिमा दिईएको अनुसार हुनु पर्नेछ ।

**६ बोलपत्रको मूल्य**

६.१.बोलपत्र आवेदकले बोलपत्रमा आव्हान गरिएको बोलपत्रको उल्लेखित स्वास्थ सामाग्रीको मुल्य उपलव्धगराउन सकिने आधारमा आंशिक वा पुर्ण रुपमा पेश गर्नुपर्ने छ ।

६.२ बोलपत्र फारममा सामग्रीको ढूवानी रकम र सप्लाई गर्न आवश्यक समय अवधि स्पष्टरुपमा उल्लेख गर्नुपर्ने छ ।

६.३ बोलपत्र फारममा तोकिएको स्थानको लागि सम्बन्धित तालिकाको प्रत्येक सामानको ईकाईको मूल्य पेश गर्नु पर्नेछ र परिमाणले गुणन गरि जम्मा बोलपत्र मुल्य उल्लेख गर्नुपर्ने छ ।

६.४ बोलपत्र फारममा उल्लेखित सामानहरुको कुनै आइटममा नेपाल सरकारको नियमानुसार मूल्य अभिबृद्धि कर नलाग्ने भए उक्त सामानको मू.अ.क.को रकम गणना गर्नुनपर्ने र मू.अ.क. लाग्ने आइटमको मू.अ.क. लाग्ने भनि कैफियतमा उल्लेख गरि सोही अनुसार मूल्य उल्लेख गर्नुपर्ने छ ।

६.५ आपुर्तिकर्ताले व्यहोर्नु पर्ने तोकिएको सबै अनिवार्यताहरु वा तथ्यपरक तरिकाले बोलपत्रमा संलग्न कागजातहरुले तोके बमोजिमले हुन आउने आपुर्ति तथा ढुवानी (यदि तोकिएको अवस्थामा) को खर्च समेत, सामानको सुहाउँदो ईकाई मुल्य र कुल परिमाणबाट हुन आउने जम्मा मुल्य, अंक र अक्षर तोकिएको स्थानमा प्रष्ट रुपमा लेख्नुपर्नेछ ।

६.६ बोलपत्र आवेदकले पेश गरेको बोलपत्र मुल्यले, सबैप्रकारको मुल्य, कर्तव्य, कर र कार्यान्वयन (सप्लाई) गर्दाको हुन आउने सबै खर्चको विस्तृत विवरण पेश हुनु पर्नेछ ।

७. बोलपत्रको आंशिक वा पुर्णरुपमा पेश गर्न सकिने सम्बन्धमा आपुर्तिकर्ताले उपलव्धगराउन सक्ने सामाग्रीको आधारमा आंशिक वा पुर्णरुपमा पनि बोलपत्र पेश गर्न सक्ने छन् ।

८. बोलपत्रको रकम बोलपत्रमा प्रस्तुत गरिने मुल्य, दुई अंक र अक्षरमा नेपाली रुपैयामा हुनुपर्नेछ ।

**९. बोलपत्रको समय अवधि**

९.१. बोलपत्रको समयअवधी, बोलपत्र खुलेको दिन देखि ७ दिनको हुनेछ ।

९.२ खरिदकर्ताले बोलपत्रको समय विस्तार गर्न, बोलपत्र आवेदक कम्पनी वा फर्मलाई अनुरोध गर्न सक्नेछ । तर त्यस्तो अनुरोध र त्यसबाट प्राप्त हुने प्रतिक्रियाहरु सबै ईमेल, फोन मार्फत मार्फत आदान प्रदान हुनेछ ।

**१०. बोलपत्रको हस्ताक्षर र नमुना**

१०.१ बोलपत्रको सक्कल कपी टाईप वा नमेटिने मसिले लेखी, कम्पनी वा फर्मको आधिकारीक व्यक्ति वा अख्तीयारनामा प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनु पर्नेछ । त्यस्तो अख्तियारनामा लिखित रुपमै दिईएको पत्र बोलपत्र संगै पेश गर्नु पर्नेछ (यदि अख्तियारी दिएको खण्डमा) ।

१०.२ बोलपत्रमा गल्ति सच्याउन, अनिवार्यता बाहेक कुनै पनि किसिमको थपघट वा केरमेट गर्नु हुदैन । यदि सच्याईएको छ भने, आधिकारीक व्यक्तिको हस्ताक्षर र कम्पनिको छाप अनिवार्य हुनु पर्नेछ ।

**११ बोलपत्रको बन्दी र संकेत**

११.१ बोलपत्रको पेश: बोलपत्रको सक्कली कागजातहरु (Hard Copies) बन्द गरी बोलपत्र आब्हानको अन्तिम समय अगावै खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ वा हालको कोभिड-१९ को कारण सरकारद्धारा जारी निशेधाज्ञालाई मध्यनजर गरी संस्थाको सम्वन्धित इमेल hrcbjr59@gmail.com मार्फत पेश गर्न सकिने छ, इमेलवाट बोलपत्र

पेश गर्दा TOR को बुँदा नं. २४ मा उल्लेखित आवश्यक सम्पूर्ण कागजातमा सहीछाप सहित स्कानगरी पेश गर्नुपर्ने छ ।

११.२ बोलपत्र आवेदकले व्यक्तिमार्फत पनि बोलपत्र पठाउन सक्नेछन । Telex, Telegram / Fax बाट पठाईएका कुनै पनि बोलपत्र स्विकार गरिने छैन । Airlines / Cargo Agency मार्फत बोलपत्र संकलनका लागि प्राप्त हुने कुनै पनि अनुरोध लाई पनि स्विकार गरिने छैन ।

१२. एक आवेदक, एक बोलपत्र बाहेक आवेदकले, आफै, साझेदारी वा संयुक्त रुपले सामग्रीको लागि बोलपत्र पेश गर्न सक्ने छ । तर एउटै आवेदकले एक पटक (एकल वा संयुक्त रुपमा) बोलपत्र पेश गरेपछि पुनःसाझेदार भई वा संयुक्त रुपमा बोलपत्र पेश गर्न पाईने छैन । कुनै पनि बोलपत्र आवेदकले, एक भन्दा बढि बोलपत्र पेश गरेको पाईएमा, सबै बोलपत्र अस्विकृत हुनेछन ।

१३.ढिलो गरी प्राप्त हुने बोलपत्र बोलपत्र पेशका लागी तोकेका अन्तिम मिति नाँघेर, खरिदकर्ता समक्ष प्राप्त भएका कुनै पनि बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१४. बोलपत्रको परिमार्जन तथा फिर्ता बोलपत्र आवेदकलाई, एक पटक पेश गरिसकेको बोलपत्र पुनः परिमार्जन गर्न तथा फिर्ता लिन अनुमति हुनेछैन ।

**१५ बोलपत्रको मुल्याङकन बोलपत्रको मुल्याङकन तपशिल बमोजिम प्रक्रियागत चरणमा हुनेछ ।**

१५.१ गोपनियता बोलपत्र परिक्षण, स्पष्टता, तुलना, मूल्याङकन आदीका बारेमा कुनैपनि सुचना, बोलपत्र आवेदक वा अन्य कुनै अनाधिकृत व्यक्तिलाई प्रदान गरिने छैन । समग्र बोलपत्रको मुल्याङकन वा छनौट प्रक्रिया वा निर्णय प्रक्रियालाई प्रभावित पार्ने गरी कुनै पनि आवेदक कम्पनी वा फर्म बाट प्राप्त प्रयासहरुले उक्त कम्पनी वा फर्मको बोलपत्र अस्विकृत गर्न/गराउन बाध्य पार्नेछ ।

१५.२ बोलपत्रको स्पष्टिकरण बोलपत्रको परिक्षण, तुलना र मुल्याङ्कन प्रक्रियालाई थप सहजता खोज्न, खरिदकर्ताले बोलपत्र आवेदकलाई समझदारी पुर्वक, बोलपत्रमा थप स्पष्टताका बारेमा सोध्न सक्नेछ ।

**१६ बोलपत्रको प्रारम्भिक परिक्षण**

१६.१ खरिदकर्ताले प्राप्त बोलपत्र उपर, आवश्यक कागजात पूर्ण भए/नभएको, कुनै टाईपिङ/ लेखन सम्बन्धी गल्ती भए/नभएको, हरेक कागजातमा आधिकारीक हस्ताक्षर भए/नभएको र तोकिएको कागजातहरु क्रमबद्ध भए/नभएको एकिन गर्नका लागी प्रारम्भिक निरिक्षण गर्नेछ ।

१६.२ गणितिय गल्तिहरु तपशिल बमोजिम समायोजन गरिने छन् ।

- यदि प्रति ईकाई मुल्य र जम्मा मुल्यमा फरक देखिएमा, प्रति ईकाई मुल्यलाई जम्मा परिमाणसँग गुणन गरि जम्मा मुल्य निकालिने छ र प्रति ईकाई मुल्यको आधारमा जम्मा मुल्य सच्याईने छ ।

- यदि जम्मा रकम र प्रति इकाईको दररेटबाट हुन आउने जम्मा रकममा फरक देखिएमा, प्रति ईकाईको जम्मा दररेट यथावत रहने छ र जम्मा रकम सच्चाईनेछ ।

१६.३ . विस्तृत मूल्याङ्कन पुर्व, बोलपत्र आवेदककर्ताको वास्तविक अनुकुलता थाहा पाउन, उत्पादन क्षमता र प्राप्त सामानको गुणस्तरको आधारमा आवेदक कम्पनी वा फर्मको अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ ।

१६.४ .यदि कुनै बोलपत्र आवेदक कम्पनीको निरिक्षण गर्दा, प्राप्त प्रतिक्रिया उपर्युक्त नदेखिएमा, त्यस्ता आवेदक कम्पनीलाई खरिदकर्ताले अस्विकार गर्नेछ, वा पुन समायोजनका लागी जानकारी गर्न सक्नेछ ।

१७ बोलपत्रको तुलना तथा मुल्याङकन बोलपत्रको मुल्याङ्कन बोलपत्रमा समाबेश गरिएको प्रतिस्पर्धामा आधारित मुल्य, प्राप्त नमुना सामानको गुणस्तरीयता र समयमा सामाग्री उपलब्धको आधारमा गरिने छ। यसरी मुल्याङकन गर्दा कम्पनी / फर्मको कार्यकुशलता, क्षमता र विगतका अनुभवहरुलाई पनि उत्तिकै महत्व दिईनेछ ।

**१८ .खरिद कर्तालाई सम्पर्क**

१८.१ बोलपत्र खोल्ने वा सम्झौता पुरुस्कृत गर्ने समयमा कुनै पनि समयमा यदि कुनै बोलपत्र आवेदक कम्पनी वा फर्मले बोलपत्र सम्बन्धी कुनै पनि विषयमा खरिदकर्तालाई सम्पर्क गर्न चाहेमा, लिखित वा फोनको माध्यम मार्फत हुनु पर्नेछ ।

१८.२ बोलपत्र आवेदक कम्पनी वा फर्म द्धारा समग्र बोलपत्रको मुल्याङ्कन, छनौट, निर्णयात्मक प्रक्रिया र सम्झौता पुरस्कृत लाई प्रभावित पार्ने गरी प्राप्त प्रयास वा माध्यमले, उक्त कम्पनी वा फर्मको बोलपत्र खारेजी गर्न बाध्य पार्नेछ ।

१९. कुनै पनि बोलपत्रलाई स्विकार तथा कुनै पनि बोलपत्र वा सबै बोलपत्रलाई अस्विकार गर्ने खरिदकर्ताको अधिकार खरिद कर्तामा, कुनै पनि बोलपत्र सुचना दिएर वा कुनै सुचना विनानै छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निहित हुनेछ ।

२० बोलपत्र छनौटका मापदण्ड खरिद कर्ताले कुनै पनि सफल बोलपत्र आवेदकलाई निम्नानुसारका छनौटका आधारमा (सुचक) नमुना परिक्षण गरि उपयूक्त कम्पनी/फर्मले कबोल गरे अनुसार बिश्लेषण गरि सन्तोषजनक कार्यक्षमता भएको आधारमा बोल पत्र छनौट गरिने छ ।

१) बोलपत्रमा तोकिए अनुसारको गुणस्तर युक्त सामग्री

२) तोकिएको गुणस्तर अनुसारको सबै भन्दा कम/सस्तो दर रेट

३) सामग्री अर्डर पश्चात आपुर्ती गर्ने समय

४) विगत समयमा यस्तै प्रकृतिको कार्य गरेको अनुभव, सामानको परिमाणमा परिवर्तन गर्न सक्ने खरिदकर्तालाई अधिकार TOR मा कुनै परिवर्तन नहुनेगरी, खरिदकर्ताले तोकिएको परिमाणमा, खरिद माग गर्दा आवश्यकता अनुसार परिमाण घटाउन तथा बढाउन सक्नेछ ।

**२२ . बजेट तथा भुक्तानीको माध्यम**

- भुक्तानी सम्बन्धीत कम्पनी वा सप्लाएरको बैंक खातामा जम्मा वा Account Payee Cheque मार्फत मात्र हुनेछ ।

- प्राप्त भएका सबै सामग्रीहरुको तोकिएको गुणस्तर सुनिश्चित र सम्बन्धित स्थानमा प्राप्त भए पश्चात रकम भुक्तानी हुने छ ।

● यस परियोजनामा अग्रिम भुक्तानीको कुनै पनि प्रावधान हुने छैन ।

२३. फर्मको साधारण योग्यता नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भएको, सम्बन्धीत क्षेत्रमा प्रयाप्त कार्य अनुभव भएको योग्य व्यवसायिक फर्महरुले यस परियोजनाका लागी आवेदन पेश गर्न सक्नेछन । कम्पनी वा फर्मको प्रयाप्त अनुभव वा विज्ञता यस प्रकार हुनु पर्नेछ ।

● बोलपत्रमा उल्लेखित सामग्री आपुर्ति सम्बन्धी पर्याप्त ज्ञान तथा अनुभव भएको ।

● परियोजना पुरा गर्नका लागि प्रयाप्त मानव स्रोत साधन, मेसिन तथा औजारहरु ।

● पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सक्ने संस्थागत क्षमता ।

● कम्पनी/फर्मसँग कम्पनी दर्ता, VAT दर्ता, VAT छुट व्यवसाय भएमा PAN दर्ता र कर चुक्ता गरेको प्रमाण पत्र हुनु पर्नेछ ।

२४ बोलपत्र आवेदक कम्पनी/फर्मले बुझाउनु पर्ने आवश्यक कागजातहरु

क. आशय पत्र (कभरपेज) (अनिवार्य)

ख. दरभाउ पत्र (तोकिएको ढाँचा अनुसार, हरेक पेजमा सहीछाप लगाई) (अनिवार्य)

ग. TOR मा सही छापसहित (अनिवार्य)

घ. तपसिल बमोजिम अन्य कागजातहरु अनिवार्यरुपमा पेश गर्नुपर्ने कागजात

● कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी (अनिवार्य)

● आर्थिक वर्ष २०७६/०७७ को कर चुक्ताको प्रमाण पत्र (अनिवार्य)

● VAT दर्ताको प्रमाण पत्र वा VAT छुट व्यवसाय भएमा PAN दर्ता

● कम्पनी कुनैपनी प्रकारको काम गर्नबाट कानुनी रुपमा कालो सुचीमा नरहेको स्वघोषणा पत्र । ऐच्छिक कागजात ( मुल्यांकनको लागि)

● अन्य कुनै संस्था, कम्पनी वा फर्म संग यस्तै वा सम्बन्धीत कार्य अनुभवको कृतज्ञता, क्षमता तथा सेवा प्रदायकको बारेमा लेखिएको चिठी वा कागजात ।

● सान्दर्भिक अन्य कागजातहरु ।

२५.सम्झौताको खारेजी यदि कम्पनी वा फर्मले सम्झौता प्रतिकुल हुनेगरी कुनै कानुनी वा प्रक्रियागत कार्यगरेको देखिएमा, खरिदकर्ताले सम्झौता खारेजी गर्न सक्नेछ । यदि कम्पनी वा फर्मले बोलपत्रमा कबोल गरे अनुसारको गुणस्तरयुक्त सामग्री उपलब्ध नगराएमा खरिदकर्ताले सम्झौता खारेजी गर्न सक्नेछ। तर यस प्रकारको सम्झौता खारेजी

गर्नका लागी खरिदकर्ताले सम्बन्धीत कम्पनी वा फर्मलाई सम्झौताको खारेजी सम्बन्धी ७ दिन पुर्व लिखित जानकारी गराउनेछ ।

२६ गोपनियता सम्झौता कार्यन्वयनको अवधीभर वा सम्झौता समाप्त वा खारेजी भएको कुनैपनि समयमा, कम्पनी वा फर्मले कुनै पनि व्यक्तिसंग, यस सम्झौता संग कुनैपनि गोप्य सुचना, प्रचार/प्रसारण गर्ने छैन ।

२७ प्रतिलिपी यस ToR मा उल्लेखित, कम्पनी वा फर्मले पेश गरेको कागजातहरुको सम्पूर्ण प्रतिलिपी अधिकार संस्थामा निहित हुनेछ ।

२८. सम्झौताको समयाअवधी यस बोलपत्रमा समावेश भएका समान प्रकृतीका सामग्रीहरु खरिदको लागी छनोट भएको सप्लायर्स संग सम्झौताको मितिले १ बर्ष सम्म मान्य हुनेछ वा वस्तुको प्रकृति अनुसार दुई पक्षको सहमतिमा हुने छ । थप परिमाण सामाग्री खरिद गर्नुपर्ने भएमा सोझै खरिद आदेश मार्फत गर्न सकिने छ ।

२९. प्रस्तावना वा बोलपत्र पेश गर्ने माध्यम बोलपत्र वा प्रस्तावना कुरियर वा स्वंयम व्यक्ति उपस्थित भई मिति २०७८ साल जेठ २६ ( ९ जुन २०२१) गते कार्यालय समय भित्र (५:०० बजे), तपशिलमा उल्लेखित ठेगानामा आईपुग्नु पर्नेछ । तपशिल मानव संशाधन केन्द्र बाजुराको प्रधान कार्यलय बाजुरा (०९७- ५४११७९, ९८५८४२०५९९) वा प्रदेश सम्पर्क कार्यालय धनगडी ( ९८५८४२०३८३)।

३०. सामग्रीको नाम, विस्तृत विवरण, परिमाण र दरभाउ बोलपत्र फारम

Human Resource Center

Bajura

**Tender Invocation Form**

| | | | |
|---|---|---|---|
| **Purchase Demand No.:** | | **Tender Invocation Date:** | 2/20/2078 |
| | | **Tender return Date:** | 2/26/2078 (09 Jun. 2021) |
| **Suppliers Name:** | | **Tender Riturn:** | **Human Resource Center** |
| **Contract person:** | | | **Agni Shahi** |
| **Email:** | | **Email:** | hrcbjr59@gmail.com |
| **Phone:** | | **Phone:** | **97541179** |
| **Fax:** | | **Fax:** | **97541180** |
| **Mobile No:** | | **Address** | **Badimalika Municipality-8 Bajura** |
| **Address:** | | | |
| **Vat No.** | | | |

| Way of Delivery | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Terms of Payment | | | | | | | | | | |
| | | | **Fill Suppliers** | | | | | | | |
| **S.N** | **Particular** | **Specification** | **Units** | **Quantity** | **Per unit Rate** | **Amount without Vat** | **Vat 13%** | **Total Amount including vat** | **Remarks** | |
| 1 | **Health Equipment and Materials Support for Covid19 response** | | | | | | | | | |
| 1.1 | KN 95 Mask | Model: E270, KN95,Disposable,Non-woven Fabric, Filtering Rate: 95% | PCS | 650 | | | | | | |
| 1.2 | Surgical Mask | Brand: Arista, 3 Layer, Disposable, Non-Woven | Packet | 150 | | | | | | |
| 1.3 | Face shield | Shield Material :PET<br>Sheet Thickness :2 mm<br>Size :300 x 210 mm<br>Personal Protection | PCS | 500 | | | | | | |
| 1.4 | Hand Sanitizer 250 ML | Packaging Size:250 ML<br>Packaging Type: Pump Bottle<br>Alcohol Content % : Above 70<br>Type Of Alcohol Isopropyl Alcohol<br>Other Active Ingredients : Aloe Vera, Glycerol, Hydrogen Peroxide | PCS | 500 | | | | | | |
| 1.5 | Mask surgical ( high qulatiy) | Brand: Safe U, 3 Ply, Anti Pollution, Made in India, Non Woven | Packet | 150 | | | | | | |
| 1.6 | Antigen kits | Number of Reactions(Preps)/Kit 25<br>Brand :SD Biosensor<br>ICMR(Govt) Approved: Yes<br>Test Method Antigen Test<br>Result Time (Rapid Kits) :15 mins<br>Sample Type :Nasal Swab | Nos | 500 | | | | | | |
| 1.7 | PPE Set | Item Material : Polypropylene (PP)<br>Products in the Kit : Body cover, Face mask, Shoe cover, glooves, goggles<br>Nature of Suit :Washable / Reusable<br>Features : Non sterilized, Laminated<br>Application: For Fighting Covid-19 | Set | 50 | | | | | | |
| 1.8 | Gumboot | Brand : Big Elephant<br>Model Name/Number :MCG-14S<br>Size :6-11<br>Usage/Application: Industrial<br>Material : PVC<br>Height : 14 (inches) | set | 20 | | | | | | |
| 1.9 | Disposalble Gloves | Packet Contain : 100pieces<br>Glove Type : Disposable<br>Material : Nitrile<br>Size : Medium<br>Packaging Type: Box | Packet | 30 | | | | | | |
| 1.1 | Oxygen Cylinder | Usage :Medical Use<br>Working Pressure :200 kgf/cm2<br>Type of Cylinder :Filled<br>Gas Capacity :12.5 Litre<br>Cylinder Material :Mild Steel | Nos | 10 | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1.11 | Oxygen concentrator | Capacity(Litre per minute) :10 LPM<br>Oxygen Concentration: 0.5-5L/ MIN<br>Operation Mode :Electrical | Nos | 4 | | | | | |
| 1.12 | Puls Oximeter | Parameter Measures : SpO2 + Pulse Rate<br>Display Type : Dual Color OLED Display<br>Warranty :6 Months<br>Oximeter Accuracy: 30 - 99BPM<br>Weight :25 grams<br>Features : Portable | PCS | 200 | | | | | |
| 1.13 | Isolation Center Tent | Material : Canvas<br>Usage/Application :Outdoor<br>Height : 6 Feet<br>Thickness: 10 mm Size 4*8 mtr | PCS | 2 | | | | | |
| 1.14 | Digital Thermoters | Type :Digital Thermometer<br>Brand :Tushti | PCS | 150 | | | | | |
| 1.15 | Hand Sanitizer 100 ML | Packaging Size:100 ML<br>Packaging Type: Pump Bottle<br>Alcohol Content % : Above 70<br>Type Of Alcohol Isopropyl Alcohol<br>Other Active Ingredients : Aloe Vera, Glycerol, Hydrogen Peroxide | PCS | 150 | | | | | |
| 1.16 | Soap | Brand: Lifebuoy<br>Pack Type : Packet<br>Type Of Packing : Single<br>Skin Type : Normal<br>Pack Size 125 gm | PCS | 450 | | | | | |
| | | | | | | **Grand total** | | | |

| | | | |
|---|---|---|---|
| **Goods Available Date of Order Date:** | | | |
| **If Any other about suppliers** | | | |
| | | | |
| **Approvel For Suppliers:** | | **Company Cell below Box:** | |
| **Name** | | | |
| **Post** | | | |
| **Signature** | | | |
| **Date** | | | |

धन्यवाद